नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तह समन्वय शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७४/७५
चलानी नं. : 9SC0

फोन न. ०१-४२००३०४
मिति : २०७५।०१।२५

विषय : आवश्यक समन्वय गरिदिनु हुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री महा/उप-महा/नगरकार्यपालिकाको कार्यालय (सबै)
श्री गाउँ कार्यपालिकाको कार्यालय (सबै) ।

प्रस्तुत विषयमा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखाको प.सं. २०७५/७६, च.नं. १३७१ को संलग्न पत्रानुसार चालु आ.व. २०७४/७५ को जेष्ठ महिनाको पहिलो हप्तामा देशभरका सरकारी तथा निजी विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुलाई जुकाको औषधि वितरण सहित स्वास्थ्य र पोषण सम्बन्धी क्रियाकलापहरु सञ्चालन हुने भएकोले उक्त अभियानमा तहाँ अन्तरगतका निकायहरुमा आवश्यक सहयोग र समन्वय गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

..................
(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ :

श्री बिद्युतिय शासन शाखा: Website मा Upload गरिदिनु हुन ।
श्री बाल स्वास्थ्य महाशाखा, टेकु, काठमाण्डौं ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**बाल स्वास्थ्य महाशाखा**
टेकु, काठमाडौं,नेपाल ।

निर्देशक : ४२६१६६०
खोप शाखा : ४२६२२६३ (Fax)
IMCI शाखा : ४२१९२१८
पोषण शाखा : ४२२५५५८
योजना तथा अनुगमन शाखा: ४२६६५७३

प.सं. २०७५/०७६ च.नं. १९६९

मिति: २०७५/०१/२४

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

विषयः विद्यालय स्वास्थ्य तथा पोषणका सप्ताह मनाउनको लागि आवश्यक समन्वय गर्ने बारे ।

प्रसतुत विषयमा वाल स्वास्थ्य महाशाखा अन्तर्गत पोषण शाखाबाट सञ्चालित विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत देशका ७७ वटै जिल्ला तथा सवै पालिकाहरुमा विगतका वर्षहरुमा झैं चालु आ.व. २०७४/०७५ जेष्ठ महिनाको पहिलो हप्ता (१ देखि ७ गते सम्म) १ देखि १० कक्षा सम्मका सरकारी तथा निजी विद्यालयका विद्यार्थिहरुलाई जुकाको औषधि वितरण सहित स्वास्थ्य तथा पोषण सम्वन्धि विभिन्न क्रियाकलापहरु गरी सञ्चालन हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्न चाहान्छु । सो कार्यक्रम स्थानीय तहमा विद्यालय तथा स्वास्थ्य संस्थाको संयोजनामा सञ्चालन हुने भएकोले तहाँ मन्त्रालयबाट सबै स्थानिय तहमा यस सम्वन्धमा सम्वन्धित स्वास्थ्य संस्थाहरुसंग आवश्यक समन्वय गरी सो कार्यक्रम सञ्चालन गराउनुहुनको लागि आवश्यक पत्राचार गरिदिनु हुनको लागि अनुरोध गर्न चाहान्छु ।

.............................................
डा. विकास लामिछाने
निर्देशक

**बोधार्थ:**
श्री जिल्ला जन (स्वास्थ्य) कार्यालय, ७७ वटै जिल्ला ।